## वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको
## १९ औँ अधिवेशनमा
## गाउँपालिका उपाध्यक्ष श्री भुवलराज राई ज्यूद्वारा प्रस्तुत
### आर्थिक वर्ष २०८३।०८४ को

# वार्षिक बजेट तथा कार्यक्रम


**वराहपोखरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

बाघखोरभन्ज्याङ, खोटाङ

कोशी प्रदेश, नेपाल


वि.सं. २०८३ साल आसार १० गते बुधबार

# वराहपोखरी गाउँपालिका, खोटाङको

# आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट तथा कार्यक्रम

"कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"

**गाउँसभाका अध्यक्ष ज्यू,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**गाउँसभाका सदस्यज्युहरु**

१. नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय लक्ष्य र कोशी प्रदेश सरकारको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को अभिष्ट पूरा गर्ने ध्ययका साथै यस बराहपोखरी गाउँपालिकाको "कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य, समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार" दूरदृष्टि सहितको हाम्रो गन्तव्य मूख्य लक्ष्य रहेको छ । यिनै लक्ष्यलाई आत्मसाथ गर्दै आगामी आ.व. २०८३।०८४ को बजेट तर्जमा गरिएको छ । बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, राष्ट्रिय योजना आयोगले निर्माण गरेको योजना तर्जुमा दिग्दर्शन तथा वराहपोखरी गाउँपालिकाको मध्यकालिन खर्च संरचना (२०८१।०८२ देखि २०८३।०८४), दिगो विकासका लक्ष्यका आधारहरु, विषयगत शाखाबाट आएका सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**गाउँसभाका अध्यक्ष ज्यु**

**गाउँसभाका सदस्यज्युहरु**

२. यस वराहपोखरी गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा हालसम्म भएको आम्दानी र खर्चको विवरण प्रस्तुत गर्न चाहान्छु ।

३. यस गाउँपालिकाको चालु आ.व. २०८२।०८३ मा कूल ३४ करोड ३५ लाख १ हजार ३ सय ८० रुपैया आम्दानी गरेकोमा हालसम्म चालूतर्फ रु २० करोड ४८ लाख ९८ हजार ७ रुपैया र पूँजीगततर्फ रु ७ करोड २४ लाख ९३ हजार ५८ रुपैया खर्च भएको देखिन्छ ।

४. नेपाल सरकारबाट प्राप्त राजश्व बाँडफाँड रकम रु. ५ करोड ६० लाख ७१ हजार ७ सय ९६ रुपैया र प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाड रकम रु ३६ लाख ५० हजार १ सय ५१ रुपैया प्राप्त भएको देखिन्छ ।

५. नेपाल सरकार र प्रदेश सरकारको राजश्व बाँडफाँडको कुल अनुमानित रकम रु. ७ करोड ८८ लाख १७ हजार १ सय ३३ रुपैयाबाट हालसम्म रु. १ करोड ९० लाख ९५ हजार ९ सय ६६ रुपैया घटि प्राप्त भएको देखिन्छ ।

६. संघीय सरकार समानिकरण अनुमानित रकम रु ७ करोड ९५ लाखबाट हालसम्म रु ६७ लाख ९७ हजार २ सय ५० रुपैया घटी आएको देखिन्छ ।

७. प्रदेश सरकार समानिकरण अनुमानित रकम रु ६७ लाख ६१ हजारबाट हालसम्म सत प्रतिशत प्राप्त भएको देखिन्छ ।

८. हालसम्म यस वराहपोखरी गाउँपालिकाको आन्तरिक राजश्वबाट रु १३ लाख ४६ हजार ८ सय ७६ रुपैया संकलन भएको छ ।

**गाउँसभाका अध्यक्ष ज्यु**

**गाउँसभाका सदस्यज्युहरु**

९. अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु । बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

   क) वराहपोखरी गाउँपालिकाको आर्थिक विकासका नविनतम सम्भावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रबर्धन गर्दै सगम्र आर्थिक विकास र समृद्धि हासिल गर्ने

   ख) सर्वसुलभ तथा गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने,

   ग) राज्यको लोककल्याणकारी भूमिकालाई सुदृढ बनाउदै सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने ,

   घ) सर्वसुलभ तथा गुणस्तरिय शिक्षा उपलब्ध गराउने,

   ङ) आर्थिक, सामाजिक, पुर्वाधारको विकास गरी गाउँपालिकाको समृदीको आधार तयार गर्ने ,

च) आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यक्रमलाई तिव्रता दिदै सार्वजानिक निजि र गैरसरकारी क्षेत्रमा उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी गरिबी निवारण गर्ने ।

१०. प्रस्तुत बजेटका उद्देश्यहरु हाँसिल गर्ने देहायबमोजिमका प्राथमिकता निर्धारण गरेको छु ।

क) कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने कृषि क्षेत्रमा युवाहरुको परिचालन गरिने छ ।

ख) निर्माणाधिन तथा अधुरा योजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने व्यवस्था मिलाईने छ ।

ग) लघुउद्यम प्रबर्धन तथा विकासका माध्यमबाट नयाँ रोजगार सिर्जना गरिनेछ ।

घ) संघ तथा प्रदेश सरकारसँग रणनितिक साझेदारी गरिने छ ।

ङ) सहयोग समन्वय र सहकार्य मार्फत सन्तुलित विकास गरिने छ ।

च) सुशासन र सेवा प्रवाहमा सुधार गर्ने सबै संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

**गाउँसभाका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्युहरु**

११. अब म आगामी आर्थिक वर्ष २०८३।०८४ को यस वराहपोखरी गाउँपालिकाको बजेटमा रहेका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र बजेट प्रस्तुत गर्दछु ।

**कृषि, पशुपंन्छी तथा सिंचाई**

क) किसानहरुको जीवनस्तर सुधार गर्न ५०% अनुदानमा विभिन्न मागमा आधारित कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

ख) राष्ट्रि कृषि आधुनिकरण परियोजना अन्तर्गत सुन्तला पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

ग) कृषकको क्षमता अभिवृद्धिको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

घ) कृषि उत्पादनलाई वृद्धि गर्नका लागि आवश्यक सिँचाई कुलोहरु निर्माण तथा मर्मत गरिनेछ ।

ङ) कृषियोग्य जमिनको क्षति न्यूनिकरणका लागि तटबन्ध निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

च) कृषि, पशुपंछी तथा सिंचाई तर्फको योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ३ करोड ३६ लाख ८५ हजार रुपैया बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य सेवा**

क) पालिकाबासीहरुलाई योग ध्यान तथा आयुर्वेदका माध्यमबाट स्वस्थ बनाउन नागरिक आरोग्य केन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

ख) स्वास्थ्यकर्मीहरुलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकासका लागि आवश्यक पर्ने विभिन्न तालिमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) सुत्केरी घरभेट कार्यक्रमका लागि पर्याप्त बजेट विनियोजन गरेको छु ।

घ) गाउँपालिका क्षेत्रबाट उपचारको क्रममा पालिका बाहिर उपचारको लागि जान परेमा न्युनतम मुल्यमा एम्बुलेन्स सेवा उपलब्ध गराईएकोमा सो सेवालाई थप विस्तार गरि निरन्तरता दिईनेछ ।

ङ) गाउँपालिका भित्रका वर्थिङ सेन्टरहरुमा गर्भवती महिला डेलिभरी हुन नसकी बाहिर रेफर गर्नुपर्ने अवस्था सिर्जना भएमा गर्भवती महिलाहरुलाई गाउँपालिकाको नाकासम्म एम्बुलेन्स सेवा नि:शुल्क उपलब्ध गराईनेछ ।

च) गाउँपालिका क्षेत्रभित्र रहेका सबै स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गरिनेछ । आगामी आ व स्वास्थ्य चौकी साउनेचउरको स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गरिनेछ । भने वडा नं ५ र ६ का नागरिक लक्षित वर्थिङ सेन्टर सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

छ) सुनौला हजार दिन कार्यक्रममा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ज) नागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्न रु ९ करोड ३७ लाख ७ हजार विनियोजन गरेको छु ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण**

क) महिलाहरुको जीविकोपार्जन तथा आय आर्जनमा सुधार गर्न महिला उद्यमशीलता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ख) बालबालिकाको हितमा कृयाशिल संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी बाल श्रमिक, अनाथ बालबालिकाहरुको उद्दार, राहत तथा पुन:स्थापनाको कार्यहरु गरिनेछ ।

ग) यस गाउँपालिका अन्तर्गतका ७० वर्ष उमेर पुगेका विपन्न ज्येष्ठ नागरिकहरुलाई सम्मानका लागि बजेट विनियोजन गरेको छु ।

घ) महिलाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन महिला सशक्तिकरणको कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ) अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम निरन्तरताका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

च) हिंसापिडित तथा असाहाय महिला बालबालिका अपाङग भएका व्यक्ति तथा जेष्ठ नागरिकको उद्धार संरक्षण एवम् पुन: स्थापनाको लागि आवश्यक बजेटको व्यावस्था मिलाएको छु ।

छ) समाजमा हुने सबै किसाममा लैङ्गिक हिंसा निवारणका लागि लैगिङ हिंसा निवारण कोषको स्थापना गरिनेछ ।

ज) महिला बालबालिका ज्येष्ठ नागरिक तथा सामाजिक समावेशिकरणका कार्यक्रम सञ्चालन गर्न रु १६ लाख ५६ हजार ३ सय १५ रुपैया विनियोजन गरेको छु ।

## श्रम रोजगार तथा सामाजिक सुरक्षा

क) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुन: एकीकरण (REMI) तथा सुरक्षित आप्रवाशन (SaMi) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ख) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने आयोजनाहरुलाई बढि भन्दा बढि रोजगारमुखी आयोजना सञ्चालन गरिनुका साथै श्रम बैंकको व्यवस्थापन मिलाइनेछ ।

ग) राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित रोजगार आयोजनाहरुको सञ्चालनका लागि संघीय सरकारसँग साझेदारी गरिनेछ ।

घ) श्रम रोजगार तथा सामाजिक सुरक्षा को लागि रु १४ लाख ८७ हजार रुपैया विनियोजन गरेको छु ।

**शिक्षा युवा तथा खेलकुद**

क) विद्यालय शिक्षक कर्मचारीहरुको पेशागत दक्षता विकास सम्बन्धी विभिन्न तालिम सञ्चालन गरिनेछ ।

ख) सामुदायिक विद्यालयहरुमा गाउँपालिबाट व्यवस्थापन गरिएका शिक्षक, का.स. कर्मचारी, परिचालिकाहरुलाई निरन्तरता दिइनेछ ।

ग) अंग्रेजी माध्यमबाट आधारभूत तहको सिकाइ सुधारका लागि कुनै एक माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा छनौट गरी आगामी शैक्षिक सत्रबाट अंग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरिनेछ ।

घ) राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई व्यवस्थित तरिकाले सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

ङ) शिक्षा युवा तथा खेलकुद विकासका लागि रु २८ करोड २७ लाख ३ हजार ७ सय ७० रुपैया विनियोजन गरेको छु ।

**सडक तथा भौतिक पुर्वाधार विकास**

क) गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको धाप्लाङ-धर्तुङ-सिन्ताङ-वराहपोखरी सडक खण्ड अन्तर्गत बतासे-किम्बुखोला-वराहपोखरी सडक र वराहपोखरी धर्तुङ सडक निर्माणका लागी रु २ करोड ६१ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

ख) गाउँपालिकाको केन्द्रबाट सम्पूर्ण वडा कार्यालयको केन्द्र जाने बाटो स्तरोन्नती गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ग) सडक तथा भौतिक पूर्वाधार विकासलाई उच्च प्राथमिकता राख्दै सोका लागि जम्मा रु ३ करोड ३८ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

क) सामुदायिक वन विकास कार्यक्रमकबाट स्थानिय आपुर्ति र रोजगारीमा टेवा पुग्ने क्रियाकलाप संघिय सरकार प्रदेश सरकार तथा विभिन्न संघ सस्थाको साझेदारीमा संचालन हुने व्यवस्था मिलाएकोछु ।

ख) जलवायु परिवर्तनलाई न्यूनिकरण गर्नका लागि गाउँपालिका क्षेत्रभित्र वृक्षरोपण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

ग) वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धित कार्यक्रम संचालन गर्नको लागि जम्मा रु ६२ लाख विनियोजन गरेको छु ।

**गरिबी निवारण तथा रोजगार**

क) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

ख) गरिवी निवारणमा टेवा पुग्ने कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. ४३ लाख ८७ विनियोजन गरेको छु ।

**सुशासन व्यवस्था**

क) कानुन कार्यान्वयन मार्फत गाउँपालिकाको काम कारबाहिमा सुशासन कायम गर्ने व्यवस्था मिलाएको छु ।

ख) गाउँपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासका लागि प्रर्याप्त बजेट विनियोजन गरेको छु।

ग) गाउँपालिकाले संकलन गर्ने राजश्व व्यवस्थित बनाउन RMIS, ठेक्का प्रणालीलाई E-Bidding प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, कर्मचारीको तथ्याङक व्यवस्थित बनाउन PIS प्रविधि, योजना तथ्याङ्क व्यवस्थापनका लागि Planning MIS तथा कृषि सूचना प्रणालीबाट अभिलेख राखिनेछ ।

घ) सुशासन व्यवस्थापनका लागि जम्मा रु १ करोड ९ लाख ७० हजार विनियोजन गरिएको छ ।

**गाउँसभाका अध्यक्ष ज्यू**

**गाउँसभाका सदस्यज्युहरु**

१२. अब म माथिका नीति तथा कार्यक्रम कार्यान्वयका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

क) आगामी आर्थिक वर्षका निति तथा कार्यक्रमहरु कार्यक्रमहरु कार्यान्वयन गर्न रु ४४ करोड ४० लाख ९४ हजार ७ सय ६० विनियोजन गरेको छु ।

ख) आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि अनुमान गरिएको स्रोत खर्च व्यहोर्ने स्रोतमध्ये समानिकरण अनुदानमध्येबाट संघीय सरकार तर्फ रु ८ करोड १० लाख र प्रदेश सरकार तर्फ रु ६८ लाख १२ हजार, समपुरक अनुदान संघीय सरकारबाट रु २ करोड ९ लाख र प्रदेश सरकारबाट रु १ करोड ६० लाख, संघीय सरकारबाट सशर्त अनुदान चालु तर्फ रु १५ करोड ८६ लाख, सशर्त अनुदान पुँजीगत तर्फ रु ३० लाख, विशेष अनुदान रु २ करोड ९६ लाख, प्रदेश सरकार सशर्त अनुदान पुँजीगत रु ४५ लाख, चालु तर्फ रु १० लाख १२ हजार, राजश्व बाडफाँड संघीय सरकार तर्फ रु ७ करोड ६६ लाख १४ हजार र प्रदेश सरकार तर्फ रु ५९ लाख ५२ हजार ५ सय ८०, स्थानीय राजश्व बाँडफाँड रु. २ लाख र आन्तरिक राजश्वबाट रु २० लाख, तथा अल्या तर्फ रु ३ करोड ७९ लाख ४ हजार १ सय ८० खर्च व्यहोरिनेछ ।

ग) बजेट कार्यान्वयलाई जिम्मेवार र जवाफदेही बनाउन आगामी आर्थिक वर्षबाट अनिवार्य रुपमा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतबिचमा तथा प्रमुख प्रशासककिय अधिकृत र शाखा प्रमुख एवम् सबै वडा सचिवबिचमा कार्यसम्पादन सम्झौता गरिनेछ । कर्मचारीको कार्य सम्पादनको मुल्याङकन कार्यसम्झौताको आधारमा गरिनेछ ।

## १३. अन्त्यमा,

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नु हुने माननिय अध्यक्ष ज्यु, सम्पुर्ण वडाअध्यक्ष ज्युहरु ,कार्यपालिकाका सबै सदस्य ज्युहरु, गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरुप्रति आभार प्रकट गर्दछु । बजेट तयारीमा संलग्न सबै कर्मचारीहरुलाई धन्यबाद दिन चाहान्छु । साथै बजेट कार्यान्वयमा समेत सबैको रचनात्मक सहयोग रहने अपेक्षा समेत गर्दछु । धन्यवाद !!!

**भुवलराज राई**
**गाउँपालिका उपाध्यक्ष**
**असार १०, २०८३**

बराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, खोटांग

**स्रोत मिलान**

FY : २०८३/८४

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | Source | विधि | अनुमानित आय | अनुमानित व्यय | Difference |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार,नेपाल सरकार ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | | | | ८,१०,००,०००.०० | ०.०० | ८,१०,००,०००.०० |
| १.१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८,१०,००,०००.०० | ०.०० | ८,१०,००,०००.०० |
| २ | संघीय सरकार,नेपाल सरकार ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | | | | १५,८६,००,०००.०० | ०.०० | १५,८६,००,०००.०० |
| २.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १४,६४,००,०००.०० | ०.०० | १४,६४,००,०००.०० |
| २.२ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना अनुदान (बैदेशिक) | ३५,००,०००.०० | ०.०० | ३५,००,०००.०० |
| २.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ७०,००,०००.०० | ०.०० | ७०,००,०००.०० |
| २.४ | बैदेशिक श्रोत | युरोपियन युनियन | बैदेशिक अनुदान | नगद अनुदान (बैदेशिक) | १७,००,०००.०० | ०.०० | १७,००,०००.०० |
| ३ | संघीय सरकार,नेपाल सरकार ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० |
| ३.१ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | २१,००,०००.०० | ०.०० | २१,००,०००.०० |
| ३.२ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना अनुदान (बैदेशिक) | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| ३.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ६,००,०००.०० | ०.०० | ६,००,०००.०० |
| ४ | संघीय सरकार,नेपाल सरकार ,१३३१५-विषेश अनुदान पुँजीगत, नगद अनुदान | | | | २,९६,००,०००.०० | ०.०० | २,९६,००,०००.०० |
| ४.१ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | २,९६,००,०००.०० | ०.०० | २,९६,००,०००.०० |
| ५ | संघीय सरकार,नेपाल सरकार ,१३३१६-समपुरक अनुदान चालु, नगद अनुदान | | | | २,०९,००,०००.०० | २,०९,००,०००.०० | ०.०० |
| ५.१ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | २,०९,००,०००.०० | २,०९,००,०००.०० | ०.०० |
| ६ | प्रदेश सरकार,कोशी प्रदेश ,१३३११-समानिकरण अनुदान, नगद अनुदान | | | | ६८,१२,०००.०० | ०.०० | ६८,१२,०००.०० |
| ६.१ | प्रदेश सरकार | कोशी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ६८,१२,०००.०० | ०.०० | ६८,१२,०००.०० |
| ७ | प्रदेश सरकार,कोशी प्रदेश ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान | | | | १०,१२,०००.०० | १०,१२,०००.०० | ०.०० |
| ७.१ | प्रदेश सरकार | कोशी प्रदेश | शसर्त अनुदान चालु | नगद अनुदान | १०,१२,०००.०० | १०,१२,०००.०० | ०.०० |
| ८ | प्रदेश सरकार,कोशी प्रदेश ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान | | | | ४५,००,०००.०० | ४५,००,०००.०० | ०.०० |
| ८.१ | प्रदेश सरकार | कोशी प्रदेश | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ४५,००,०००.०० | ४५,००,०००.०० | ०.०० |
| ९ | प्रदेश सरकार,कोशी प्रदेश ,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान | | | | १,६०,००,०००.०० | १,६०,००,०००.०० | ०.०० |
| ९.१ | प्रदेश सरकार | कोशी प्रदेश | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | १,६०,००,०००.०० | १,६०,००,०००.०० | ०.०० |
| १० | राजस्व बाडफाड,राजस्व बाँडफाँड - प्रदेश सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | ५९,५२,५८०.०० | ५९,५२,५८०.०० | ०.०० |
| १०.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५९,५२,५८०.०० | ५९,५२,५८०.०० | ०.०० |
| ११ | राजस्व बाडफाड,राजस्व बाँडफाँड – स्थानीय ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| ११.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| १२ | राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद | | | | ७,६६,१४,०००.०० | ७,२७,९७,४२०.०० | ३८,१६,५८०.०० |
| १२.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,६६,१४,०००.०० | ७,२७,९७,४२०.०० | ३८,१६,५८०.०० |
| १३ | अन्तरिक श्रोत,आन्तरिक श्रोत ,१००१०-आन्तरिक श्रोत, नगद | | | | ३,९९,०४,१८०.०० | १,३७,१०,०००.०० | २,६१,९४,१८०.०० |
| १३.१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,९९,०४,१८०.०० | १,३७,१०,०००.०० | २,६१,९४,१८०.०० |
| | | | | total | ४४,४०,९४,७६०.०० | १३,५०,७२,०००.०० | ३०,९०,२२,७६०.०० |

शालिकराम बन्जारा
गाउँपालिका अध्यक्ष